(धितो वा सुरक्षण रहेको चल सम्पत्ति फाइनान्सले कर्जा असुली प्रयोजनार्थ शिलबन्दी बोलपत्र फारम) मुल्य रु. ५००/- (अक्षरेपी रुपैयाँ पाँच सय मात्र) (फिर्ता नहुने)

**बोलपत्र फारम**

श्री प्रोग्रेशिभ फाइनान्स लि., मितिः
शाखा कार्यालय ................../
केन्द्रीय कार्यालय
..........................

**बिषयः शिलबन्दी बोलपत्र पेश गरेको बारे ।**

महोदय,

त्यस फाइनान्सको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी मिति २०७७/०६/१५ को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा उल्लेखित तपसिल बमोजिमको सम्पत्ति यसै फारमको पछाडि लेखिएका शर्त बन्देजहरुको अधीनमा रही रु .........................(अक्षरेपी रुपैयाँ.................................................)मा सकार गरी लिन ईच्छुक भएको हुँदा बोल कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रु. .........................प्रोग्रेशिभ फाइनान्स लि.को बैंक खाता नं..............................मा जम्मा गरी सो को भौचर यसै साथ संलग्न गरी यो बोलपत्र पेश गरेको छु ।

**<u>तपसील</u>**
सकार गरी लिने सम्पत्तिको विवरण
संलग्न सूचनामा उल्लेखित कुन सम्पत्ति खरीद गरी लिने हो उल्लेख गर्ने :
१.
२.
३.

भवदीय,
बोलपत्रदाताको सही
नामः
ठेगानाः
सम्पर्क फोन नं.
घर :
कार्यालय :
मोबाइल :

संलग्न
क) बैंक भौचर
ख) नागरिकता प्रमाणपत्रको फोटो कपी
ग) कम्पनी वा फर्मको हकमा दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपी तथा सञ्चालक समितिको निर्णय माइन्युट ।

**शर्तहरुः**

१ शिलबन्दी बोलपत्र सूचनामा प्रकाशित मितिभित्र यस फाइनान्सको सम्बन्धित शाखामा वा फाइनान्सको केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र प्राप्त भइसक्नु पर्नेछ ।

२ फारम रीतपूर्वक भरी खामबन्दी गरी खामको बाहिरपट्टी स्पष्ट शब्दमा "घर/जग्गा/अन्य लिलाम बिक्रीको बोलपत्र" समेत लेखिएको हुनुपर्नेछ ।

३ खरीद गर्नलागेको वस्तु जहाँ जुन अवस्थामा छ/हुनेछ सोही अवस्थामा खरीद गर्नुपर्नेछ ।

४ बोलपत्रमा आफूले सकार गर्न कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत फाइनान्समा जम्मा गरेको भौचर संलग्न गरेको हुनु पर्नेछ । धरौटी रकममा कुनै ब्याज दिइने छैन ।

५ प्राप्त बोलपत्रहरु सूचनामा प्रकाशित भएको मितिमा खोलिने छन् ।

६ बोलपत्रदाता वा निजको प्रतिनिधि र अन्य उपस्थित साक्षीको रोहबरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि वा अन्य व्यक्ति अनुपस्थित हुँदैमा बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

७ बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परे लगत्तै फाइनान्स खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ ।

८ बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेको अबस्थामा लगत्तै फाइनान्स खुलेको दिन बोलपत्र खोलिने छ ।

९ म्याद नाघी वा बेरितपूर्वक वा खास शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन तर आबश्यक र उचित ठहराएको अवस्थामा शर्त सहितको बोलपत्र समेत स्वीकार गर्नसक्ने अधिकार फाइनान्समा निहित हुनेछ ।

१० बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले (कम्तिमा १५ दिन)/ संस्थाले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

११ बोलपत्र दाखिल भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।

१२ कुनै पनि अवस्थामा ऋणीले सम्पूर्ण रकम बुझाएमा बोलपत्र रद्द गरी धरौटी रकम फिर्ता गर्न सकिनेछ ।

१३ सम्पत्ति खरिद गरी दाखिल खारेज नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर सकार गर्ने व्यक्ति/संस्था आफैंले तिर्नुपर्नेछ ।

१४ कुनै कारण नदर्शाई समेत बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः वार्ता (नेगोशिएसन)समेत गर्नसक्ने अधिकार फाइनान्समा निहित हुनेछ ।

अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र फाइनान्सको सम्बन्धित शाखा कार्यालय वा फाइनान्सको केन्द्रीय कार्यालयको कर्जा असुली विभागमा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिनेछ ।

श्री प्रोग्रेशिभ फाइनान्स लि.,
कर्पोरेट कार्यालय तिनकुने, काठमाण्डौ
फोन नं. : ०१-५१९९६६४/६६५/६६७
फयाक्स नं : ०१-५१९९६६८
**Email ID:** info@pfltd.com.np **GPO Box No:** 10390